मधेश भूमी दैनिक
सम्पर्क नं.
९८१९२३२७६४
९८२११४९२३५
९८४५२५४२६४
विज्ञापनको लागि मात्र

जि.प्रशा.का.रौ.दर्ता नं. १०१ जि.हु.का.रौ.दर्ता नं.४/०७९/०८०

# MADHESH BHUMI DAILY
# मधेश भूमी दैनिक

www.madheshbhuminews.com

प्रारम्भिक शिक्षा नै बालबालिकाको शिक्षाको अधार हो ।
GAUR ACADEMY
GAUR, RAUTAHAT
तपाई आफ्नो बच्चाको उज्जवल भविष्यको लागि हामी सँग सम्पर्क गर्नुस्
गौर वडा नं. ३, रौतहट
सम्पर्क नं.: ९८४५२५४२६४ र ९८४५४९६९८२

बर्ष १ | २०८० माघ २७ गते शनिबार | 10 February 2024 Saturday | मूल्य ५/- | पृष्ठ सङ्ख्या ४ | अंक २७२

## कांग्रेसलाई देशमा संकट छ भन्ने छुट छैन : महामन्त्री थापा

**काठमाडौं।** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेसलाई देशमा संकट छ भन्ने छुट नरहेको बताएका छन् ।

शुक्रबार नेपाली कांग्रेस काठमाडौं जिल्ला सम्मेलनको उद्घाटन गर्दै उनले देश सम्हाल्ने काम कांग्रेसको भएको पनि बताए । सुशासनलाई पार्टीले मन्त्र बनाएर अघि बढ्नुपर्ने उनको भनाइ थियो ।



कार्यक्रममा उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)प्रति लक्षित गर्दै नयाँ राजनीतिक दलहरुबाट पनि संविधानमाथि प्रहार भइरहेको आरोप लगाए । उनले नयाँ दल निर्वाचनमा भाग लिएको जस्तो देखिए पनि इतिहासलाई मेटाउने, संघर्षका दिनहरुलाई मेटाउने काममा लागेको बताए ।

कार्यक्रममा थापाले भने-'अहिले एउटा प्रवृत्ति आएको छ । जसले हेर्दै गर्दा संविधान मानेको जस्तो देखिन्छ। जसले निर्वाचनमा भग लिएको जस्तो देखिन्छ तर ख्याल गर्ने हो हामीले भने यसले हाम्रो इतिहासलाई डिसमिस गर्दछ । यसले हाम्रो संघर्षका दिनहरुलाई डिसमिस गर्दछ । यसले गणेशमान मान्दैन, यसले बिपी कोइराला मान्दैन । यसले २०४६ सालको आन्दोलन मान्दैन । यसले २०६२ सालको आन्दोलन मान्दैन। यसले हाम्रो संघर्षको उपहास गर्दछ। यसले विधि, प्रक्रिया मान्दैन ।'

उनले आफू जादुगर हुँ भन्दै आउनेहरुले लोकरिझ्याइँको राजनीति गरेर संविधानमाथि निरन्तर प्रहार गरिरहेको बताए। उनले भने-'म जादुगर हुँ भनेर आउँछ । यो पनि यो लोकरिझ्याइँको राजनीति पनि यसले पनि संविधानमाथि लगातार प्रहार गरिरहेको छ ।'

उनले संविधानमाथि प्रहार गर्नेहरुलाई चिनेर चिरफार गर्नुपर्ने बताए । उनले भने-'संविधान माथिको प्रहारहरु छ भनेर यसको विवेचना गर्ने यसलाई टुलुटुलु हेरेर बस्ने होइन, चिनेर चिर्ने हो ।'

## कांग्रेस नेता कोइरालाको त्याग, समर्पण र योगदान स्मरणीय'

**काठमाडौं (रासस)**, २६ माघ : नेपाली कांग्रेसका तत्कालीन सभापति एवं प्रधानमन्त्री सुशील कोइरालाको नवौं स्मृतिका अवसरमा सुशील कोइराला मेमोरियल फाउण्डेशनले उहाँप्रति श्रद्धाञ्जलि अर्पण गरेको छ ।



फाउण्डेशनले शुकबार शालिन, सरल र सादगी राजनीतिज्ञ कोइरालाले नेपाली जनताको संविधान बनाउने सात दशक लामो अपेक्षालाई सार्थक बनाउन अग्रणी नेतृत्व प्रदान गर्नुभएको ऐतिहासिक योगदान सबैको स्मृतिमा ताजै रहेको जनाएको छ ।

दोस्रो संविधानसभाले २०७२ सालमा बनाएको नेपालको संविधानलाई मान्य बनाउन र लागू गर्न उहाँले अनेक व्यवधान र कठिनाइ छिचोल्दै सफल हनुभएको तथ्य पनि जगजाहेर नै रहेको फाउण्डेशनका अध्यक्ष एवं कांग्रेसका नेता डा शशाङ्क कोइराला द्वारा जारी सन्देशमा उल्लेख छ ।

आफ्नो राजनीतिक जीवन देश, जनता र लोकतन्त्रको पक्षमा समर्पित गर्नुभएका निष्ठाका प्रतीक कोइरालाले सदैव देशको सार्वभौमिकता, जनताको हित र लोकतन्त्रको स्थापना एवं सुदृढीकरण नै आफ्नो राजनीतिक उद्देश्य हो भन्नुहुन्थ्यो ।

"देशको हित र जनताको उन्नतिभन्दा ठूलो हाम्रो अर्को कुनै लक्ष्य हुन सक्दैन । यही मान्यताको पक्षमा अनेक अभावबीच पनि कोइरालाले त्याग, समर्पण र योगदान गर्नुभएको सन्देशमा उल्लेख छ । सहमति, सहकार्य र एकताको मेलमिलाप सत्रका प्रयोक्ता राजनीतिज्ञ कोइराला यही चिन्तन र एकबद्ध निष्ठाले नेपालको इतिहाससमेत गौरवान्वित भएको हामी ठान्दछौं", सन्देशमा जनाइएको छ ।

अध्यक्ष कोइरालाले स्मृति दिनको अवसरमा श्रद्धाञ्जलि अर्पण गर्दै संविधान कार्यान्वयनको प्रमुख दायित्वमा रहेका सरकार, राजनीतिक दल, नागरिक समाज र नेपाली जनताको सकारात्मक भूमिका रहने विश्वास फाउण्डेशनले लिएको उल्लेख गर्नुभएको छ ।

## आर्थिक समृद्धिलाई आधार बनाएर सरकारले काम गरिरहेको:गृहमन्त्री श्रेष्ठ

**जनकपुर ।** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचार र कुशासनले मुलुकको समृद्धिले गति लिन नसकेको बताएका छन् ।



बर्दिबासमा बिहीबार आधारशीलाको २१ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको कार्यक्रममा बोल्दै गृहमन्त्री श्रेष्ठले आर्थिक समृद्धिलाई आधार बनाएर सरकारले काम गरिरहेको बताए ।

भ्रष्टाचारलाई प्रभावकारी ढंगले नियन्त्रण नगरे विकास र समृद्धिको परिकल्पना गर्न नसकिने बताउँदै गृहमन्त्री श्रेष्ठले सरकारले यसका लागि क्रमिकरुपमा नतिजासमेत देखाइरहेको दाबी गरे । उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले भने-'गृहमन्त्रालय सम्हालेकै दिन पञ्चायतकालदेखि खाइपाइ आइरहेको गृहमन्त्रीको सेवासुविधा पनि खारेज गरें, उनले अघि थप्दैं भने- 'शरणार्थी प्रकरणदेखि बाँसबारी छालाजुत्तासम्म आइपुग्दा सरकारले अडिग भएर निर्धक्कतापूर्वक काम गरिरहेको छ ।'

जनताले सरकारलाई बेलाबखत खबर दारी गरिरहेकै कारण सरकारमा आत्मबल सञ्चार भएको हुनाले पैसावाला, राजनीतिमा पहुँच भएकाहरूले सरकारको कामको विरुद्ध खबरदारी गर्ने गरेको उनको भनाइ थियो । उनले सामन्तवादको निकृष्ट सोचकै कारण मिटरव्याजी मौलाएको र यसलाई नियन्त्रण गर्न सरकार दृढतापूर्वक लागिपरेको बताए ।

गृहमन्त्री श्रेष्ठले ५ हजारभन्दा बढी पीडितहरुलाई अहिलेसम्म न्याय दिलाइसकेको बताउँदै सुशासन स्थापनामा सरकारले अभियान नै संचालन गरेको बताए । अहिले मिटर व्याजी पीडितहरुले गरेको आन्दोलनप्रति संकेत गर्दै गृहमन्त्री श्रेष्ठले आन्दोलनले सरकारलाई सहयोग भए तापनि गलत ढंगले त्यसलाई प्रयोग गर्न नहुने सुझाए । विभिन्न तरिकाले जालसाजी गरी राज्यलाई ठग्नेविरुद्ध सरकाले कारबाही अगाडि बढाएकाले यस प्रक्रियाअन्तर्गत बाँसबारी छालाजुत्तामा संग्लनहरुको छानबिन भइरहेको समेत उनले बताए ।

त्यसैगरी उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले संघीय सरकार प्रदेश प्रहरी समायोजनको प्रक्रियामा रहेको बताएका छन् । बर्दिबासमा धनुषा-महोत्तरीका प्रमुख जिल्ला अधिकारी, सुरक्षानिकायका अधिकारी तथा राष्ट्रिय अनुसन्धान विभाग मधेश प्रदेशका प्रमुखहरूलाई संयुक्तरुपमा निर्देशन दिँदै गृहमन्त्री श्रेष्ठले छिट्टै नै प्रदेश प्रहरी समायोजन हुने बताए । उनले धार्मिक विषयमा सहिष्णु हुन तर सद्भाव भड्कन नदिन र साम्प्रदायिक गतिविधिलाई प्रशासनिक बिधिबाटै नियन्त्रण गर्न सुरक्षानिकायका अधिकारीहरुलाई निर्देशन दिए ।

सीमामा राजस्व चुहावट नियन्त्रण गर्न, राजस्व बढाउन, अवैध कारोबार नियन्त्रण गर्न र क्रस बोर्डर क्राइम रोक्न बोर्डर पोस्ट थप्ने गृहकार्यमा सरकार रहेको गृहमन्त्री श्रेष्ठले बताए । मिटरब्याजीको नाममा कुनै बिचौलिया देखिए ध्यान दिएर कारबाही गर्न समेत उनले निर्देशन दिए। सरोकारवालाहरुको रिपोर्टिङ सुनेपछि गृहमन्त्री श्रेष्ठले लागूऔषध नियन्त्रण तथा कारोबारीलाई कडा कारबाही गर्न, त्यसविरुद्ध युवाहरूबीच सचेतना कार्यक्रम गर्न, सुधार केन्द्रहरू बनाउन र यी सबै योजनामा प्रदेश र पालिका सरकारसंग समन्वय गरेर काम गर्न निर्देशन दिए ।

## बरहथवा बजारमा फैन्सी कस्मेटिक पसलमा आगलागी

**सर्लाही,** २६ माघ। सर्लाहीको बरहथवा बजारमा रहेका फैन्सी कस्मेटिक पसलमा विहिवार राति आगलागि भएका छन् । बरहथवा नगरपालिका वडा नम्वर ५ स्थित बजारमा रहेको उज्जवल श्रेष्ठको घरमा मलंगवा ४ का रबीन्द्र प्रसाद जयसवालले संचालन गरेका फैन्सी कस्मेटिक पसलमा गएराति ८ बजेको समयमा आगलागि भएका थिए । आगलागिबाट पसलमा रहेका सम्पूर्ण सामानहरु जलेर नष्ट भएको छ । पसलमा आगलागि हुनको कारण एवं क्षतिको विवरण प्राप्त नभएको श्रोतले बतायो। आगलागि भएको केही वेरपछि स्थानीय मानिस तथा इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरीहरुले आगो लागि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।



प्रियान्सु पुस्तक पसल
गौर, रौतहट
हाम्रा सुविधाहरुः
१. यहाँ कक्षा १ देखि १२ सम्मका सामुदायिक (सरकारी) तथा संस्थागत (बोडीङ्ग) स्कुलका पुस्तकहरू पाइन्छ ।
२. त्रिभुवन विश्वविद्यालय अन्तरर्गत बि.एड., बि.बि.एस. र बि.ए. का पुस्तकहरू पाइन्छ ।
३. सिटीइभिटी अनतर्गतका एच.ए., डिप्लोमा अप कम्प्युटर, अमिन, भेटनरी, आइ.टी. जस्ता कार्यक्रमको पुस्तकहरू पाइन्छ ।
४. शिक्षक सेवा आयोग र लोक सेवा आयोग सित सम्बन्धित सबै पुस्तकहरू पाइन्छ ।
५. खेलकुदका सामग्री लगायत स्टेशनरी सम्बन्धि सम्पुर्ण सामग्रीहरू पाइन्छ ।
प्रोपाइटर
राधेश्याम पंडित (९८४५५२७३७०)

रमणिय वातावरण भएको रौतहट जिल्लाको एक मात्र सुविधा सम्पन्न होटल
तराई इन होटल
इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडी
हाम्रा सेवाहरू
चपुर भ्यु प्वाइन्ट, रूफटप रेस्टुरेन्ट, सेल्फी प्वाइन्ट, स्टेज प्रोग्राम, वर्थडे, एनिभरसरीका लागि लिफ्टको सुविधा भएको, सरकारी तथा गैर सरकारी संस्थाका लागि कार्यक्रम गर्न हलहरूको प्रयाप्त सुविधा भएको ।
अतः सेवाको लागि हामीलाई सम्झनुहोस ।
सम्पर्क नं. ०५५-५४०६००, ०५५-५४०७५५ र ९८२०९२८७०४



प्रकाशक : शिला कुमारी
सम्पादक : सुरेश कुमार वर्मा
समाचार प्रमुख : देवेन्द्र प्रसाद यादव
कानुनी सल्लाहकार : अधिवक्ता आफताब आलम
व्यवस्थापक : सुबाश मंडल
चन्द्रपुर प्रतिनिधी : सरोज मिश्रा
पर्सा प्रतिनिधी : रामजी राय यादव
कम्प्यूटर सेटिङ्ग : राहुल पाण्डेय
कार्यालय : गौर नगरपालिका वडा नं. ३, रौतहट
मुद्रक : सोना अफसेट प्रेस गौर, रौतहट
सम्पर्क नं. -९८४५४९६२८२/९८१९२३२७६४
इमेल : madhesabhumi@gmail.com

# युद्धमा फसेका नेपालीको उद्धारका लागि सरकार गम्भीर बन्नुपर्छ : अध्यक्ष नेपाल

**काठमाडौँ (रासस),** २६ माघ : नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालको रुस-युक्रेन युद्धमा फसेका नेपालीको उद्धारका लागि सहयोग गर्न पीडित परिवारले शुक्रबार ध्यानाकर्षण गराएका छन् ।

पीडित परिवारका सदस्यले पार्टीको केन्द्रीय कार्यालय पुगेर 'पीडित परिवार तथा नागरिकको जीवनरक्षाका लागि सचेतना' अभियानका तर्फबाट अध्यक्ष नेपाललाई ध्यानाकर्षणपत्र बुझाएका हुन् । ध्यानाकर्षण पत्र बुझ्दै अध्यक्ष नेपालले रुस र युक्रेन युद्धमा फसेका नेपालीको उद्धारका लागि गम्भीर बन्न सरकारसँग कुराकानी गर्ने बताउनुभयो ।



सैन्य भर्ती सम्झौता नभएका मुलुकमा पनि फौजमा भर्ना भई मर्नुपर्ने नियति आउनु राष्ट्रका लागि लज्जाको विषय भएको बताउँदै उहाँले भन्नुभयो, "रुस र युक्रेनको युद्धमा फसेका नेपालीको तत्काल उद्धारका निम्ति म सरकार सँग कुरा गर्छु, नेपालीहरू त्यहाँ कसरी पुगे ? रहर हो कि बाध्यता ?"

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले युद्धमा रहेका नेपालीलाई फिर्ता ल्याउने, घाइतेको उपचार गर्ने, मृतकको खोजी गर्ने विषयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । अभियानका संयोजक कृतु भण्डारीले युद्धमा कुनै सम्बन्ध नभएको नेपालका नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था संवेदनशील भएको बताउँदै यसको अन्त्यका लागि सम्पूर्ण नेपालीको चिन्ता र सरोकार भएकाले सबै दलको साझा दृष्टिकोण बन्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

ध्यानाकर्षण पत्रमा रुसी सेनामा भर्ति हुन पुगेका नेपालीलाई अविलम्ब फिर्ता गर्नुपर्ने, युद्धमा ज्यान गुमाएका आफन्तको शव ल्याउनुपर्ने, महिनौदेखि सम्पर्क नभएकाको वास्तविकता पत्ता लगाउनुपर्ने, सम्पर्कमा भएका सकुशल घर फर्किने वातावरण निर्माण गर्नुपर्ने, असंलग्न परराष्ट्र नीतिको पक्षपाति नेपालका नागरिक कुनै पनि मुलुकको पक्ष तथा विपक्षमा उभिन नहुने, जीवन गुमाउन पुगेका नागरिकका परिवारलाई उचित क्षतिपूर्ति, घाइतेको उचित उपचार सेनामा रहेका आफ्ना नागरिकको जीवन रक्षाका लागि सकुशल घर फिर्ताका लागि व्यवस्था गर्नुपर्नेलगायत विषय उल्लेख छ ।

# राष्ट्रिय प्रजातन्त्र दिवस तीन दिन भव्यताका साथ मनाइने

**काठमाडौँ (रासस),** २६ माघ : सरकारले राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० लाई तीनदिनसम्म भव्यतापूर्वक मनाउने निर्णय गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा शुक्रबार सिंहदबारमा बसेको प्रजातन्त्र दिवस मूल समारोह समितिको बैठकले दिवसका अवसर पारेर आगामी फागुन ६, ७ र ८ गते विविध कार्यक्रम आयोजना गर्ने निर्णय गरेको हो ।



बैठकले आगामी फागुन ६ गते प्रजातन्त्र दिवस केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटकलगायत जनचेतनामूलक कार्यक्रमको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने, राष्ट्रियस्तरका छापा सञ्चार गृहलाई दिवसका उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन एवं प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने निर्णय गरेको छ ।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घ-संस्थाका कार्यालयका छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्वलन गरिनेछ ।

यस्तै सबै जिल्लामा सरकारी तथा गैर सरकारी संस्थाको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, जिल्लास्तरमा फरक क्षमता भएका विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गर्ने सरकारको निर्णय छ ।

दिवसका दिन नेपाली सेनाद्वारा सैनिक मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाइँ गर्ने, सेनाको हेलिकप्टरबाट 'राष्ट्रिय प्रजातन्त्र दिवस, २०८०' अङ्कित ब्यानर चक्रपथ वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक मञ्च, टुँडिखेलमा हेलिकप्टरबाट पुष्पवृष्टि र झन्डा प्रदर्शन गर्ने कार्यक्रम तय भएको छ ।

सैनिक मञ्च, टुँडिखेलमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षकर्मी सार्वजनिक तथा सामुदायिक सङ्घ-संस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारी, नागरिक समाजका लब्ध-प्रतिष्ठित व्यक्तित्व तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने बैठकको निर्णय छ ।

बैठकले रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट प्रजातन्त्र दिवसका अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफएम तथा टेलिभिजनहरूलाई समेत प्रसारणका लागि अनुरोध गर्ने निर्णय गरेको छ। बैठकले विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका कार्यक्रमसमेत स्वीकृत गरेको छ। विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा आगामी फागुन ६, ७ र ८ गते कार्यालयको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्वलन गर्ने मूल समारोह समितिले निर्णय गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री समूचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा पठाउने बैठकको निर्णय छ ।

बैठकले सातै प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय 'राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति' र सबै स्थानीय तहमा 'राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति' गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरूपमा मनाउन प्रदेशबासीलाई अनुरोध गरेको छ ।

दिवसको सन्दर्भ पारेर फागुन ६, ७ र ८ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घ-संस्थाका कार्यालयको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्वलन गर्ने बैठकले निर्णय गरेको छ ।

बैठकले काठमाडौँ उपत्यका बाहिरका जिल्ला सदरमुकाममा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाइ, प्रभातफेरि, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने निर्णय गरेको छ ।

---

**राजदेवी नगरपालिका**
**Rajdevi Municipality**
**नगर कार्यपालिकाको कार्यालय**
**Office of the Municipal Executive**

पत्र संख्या :०८०/०८१
चलानी नं. :
प्राप्त प.सं./च.नं.

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

मिति:- २०८०/१०/२५
ने.सं. ११४४ पोहेलागा,१३ विहीवार

**विषय: न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेमा सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सचालन निर्देशिका, २०७५ को दफा १८ (१) बमोजिम अगामी आ.व. २०८१/०८२ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बन्चित बेरोजगार व्यक्तिहरुलाई प्रदान गरिने १०० (सय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेको ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन आफू स्थाई बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा तपसिल बमोजीमका कागजातहरु सहित मिति २०८० फाल्गुन १ गते देखि ३० गतेभित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रलव कायस्थ
प्रमुख प्रशासकिय अधिकृत

**तपसिल**

१. निवेदकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी १ प्रति ।
२. निवेदकले कुनै सीपमुलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति ।
३. निवेदकको फोटो १ प्रति ।
४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण-पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति ।
५. बसाईसराई गरेको भए सो को प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

बोधार्थ
श्री वडा कार्यालय सबै, राजदेवी नगरपालिका, राजदेवी, रौतहट ।

टोल फ्रि - १६६०५५५२०११, नगर प्रमुख - ९८५५०४७२५१, उप प्रमुख - ९८५५०४७२५२, प्र.प्र.अ - ९८५५०४७२५३
वेबसाईट- www.rajdevimun.gov.np ईमेल- rajdevimata123@gmail.com ito.rajdevimun@gmail.com

---

**जनहितमा जारी सन्देश**

हामीले तिरेको कर हाम्रै नगरको विकासको लागि हो त्यसैले अनिवार्य मालपोत शुल्क, सिफारिस दस्तुर लगायतका अन्य शुल्क अनिवार्य आफ्नो वडा कार्यालयमा गएर तिर्ने गरौं। याद गर्नुस शुल्क तिरेपछि रसिद लिन नभुल्नुस ।

देवही गोनाही नगरपालिका
प्रेमपुर गोनाही, रौतहट
मधेश प्रदेश ,नेपाल

**धुम्रपान स्वास्थ्यको लागी हानिकारक हुन्छ ।**

गाउँ नगर टोल छर छिमेक सफा राखौं । प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । - परोहा नगरपालिकाद्धारा जनहितमा जारी सन्देश

## स्वास्थ्य, शिक्षा र जीवनशैली समाचार

# डा बसौलालाई पदमुक्त नगर्न आदेश



**काठमाडौँ (रासस),** २६ माघ : सर्वोच्च अदालतले स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौलालाई पदमुक्त गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश टेकप्रसाद ढुङ्गानाको एकल इजलासले यही माघ ९ गते डा बसौलालाई पदमुक्त गर्ने सरकारको निर्णय तत्काल कार्यान्वनय नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको हो ।

बोर्डका कार्यकारी निर्देशक डा बसौलाले आफूलाई कानुनविपरीत सरकारले हटाउने निर्णय गरेको उल्लेख गर्दै सर्वोच्च अदालतमा बिहीबार रिट निवदेन दायर गर्नुभएको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा बसौलालाई हटाउन गत २४ पुस गने मन्त्रिपरिषद्लाई सिफारिस गरेको थियो ।

# त्रिविको उपकुलपतिमा आवेदन दिनेमध्ये १४ जना अन्तर्वार्ताका लागि छनौट



**काठमाडौँ (रासस),** २६ माघ : त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति पदमा आवेदन दिएका ४३ मध्ये १४ उम्मेदवार अल्पसूची (सर्ट लिष्ट) मा परेका छन् । सिफारिस समितिले प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि ती सूचीलाई बिहीबार सार्वजनिक गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार उक्त सूचीमा पर्नेमा कुसुम शाक्य, केशरजङ्ग बराल, गोविन्द सुवेदी, चित्रबहादुर बुढाथोकी, ज्ञानेन्द्रप्रसाद पौड्याल, टङ्कनाथ धमला, तीर्थराज खनियाँ, नारायण बेलवासे, प्रकाश घिमिरे, भोजराज अर्याल, महेन्द्रप्रसाद शर्मा, रामचन्द्र बस्नेत, शिवलाल भुसाल र सूर्यबहादुर थापा हुनुहुन्छ ।

त्रिविका उपकुलपति डा धर्मकान्त बास्कोटाको कार्यकाल यही कात्तिक १८ गते सकिएकपछि गत कात्तिक २४ गते प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईका अध्यक्षतामा सचिव सुरेश अधिकारी र त्रिविका बौद्ध अध्ययन विभागका प्रमुख डा चन्द्रकला घिमिरे रहेको समिति गठन गर्नुभएको थियो । हाल शिक्षाध्यक्ष शिवलाल भुसाललाई निमित्त उपकुलपतिको जिम्मेवारी दिइएको छ ।

# बिहान हिँड्नुका यस्ता छन् फाइदा



**एजेन्सी ।** बिहान उठ्ने बित्तिकै व्यायाम या कसरत तपाईंको पहिलो प्राथमिकता नहुन सक्छ। तर आफ्नो दिनको सुरुवात हिँडेर भने गर्न सक्नु हुन्छ ।

चाहे त्यो तपाईँको छिमेकको वरिपरि होस् वा तपाईंको काम वा विद्यालयको यात्राको अंश होस् हिँडाइले तपाईंको शरीरलाई धेरै फाइदा हुन्छ। बिहान हिँड्दा हुने केही फाइदाहरूको विषयमा चर्चा गर्ने छौँ ।

**१. ऊर्जा बढाउन**

यदि तपाईं बिहान बाहिर हिँड्नुहुन्छ भने दिनभर थप ऊर्जा मिल्छ । अध्ययनले देखाउँछ कि २० मिनेट बाहिर हिँड्ने वयस्कहरूले २० मिनेट घर भित्र हिँड्नेहरू भन्दा बढी जीवन शक्ति र ऊर्जा अनुभव गर्छन् ।

निन्द्रा नपुगेका १८ महिलाहरूमा गरिएको एउटा अर्को अध्ययनले एक कप कफीभन्दा १० मिनेट हिँड्दा बढी ऊर्जा मिल्ने देखाएको छ ।

**२. मुड सुधार गर्न**

बिहान हिँड्नाले तनाव, चिन्ता र थकानहरू कम हुन्छ । जसको कारणले मुड सुधार हुन मदत गर्छ ।

**३. दिनको लागि आफ्नो शारीरिक गतिविधि पूरा गर्न**

अन्य कुनै काम या दायित्व आईपर्नु अघि बिहानै हिँड्नाले तपाईंले उक्त दिनको लागि आफ्नो शारीरिक गतिविधि पूरा गर्नुहुनेछ ।

**४. शरीरको तौल कम गर्न**

बिहान कम्तीमा ३० मिनेट हिँड्दा तौल घट्न धेरै सहयोग हुन सक्छ ।

**५. विभिन्न रोगहरूबाट बच्न**

हिँडाईले रोग प्रतिरक्षा बढाउन साथै अन्य विभिन्न स्वास्थ्य अवस्थाहरूलाई रोक्न र व्यवस्थापन गर्न मद्दत गर्दछ । अध्ययनले देखाउँछ कि प्रति दिन ३० मिनेटको लागि हिँड्दा हृदय रोगको जोखिम १९ प्रतिशतले कम हुन्छ। बिहानको हिडाईले मधुमेह र रक्तचापको जोखिम कम गर्न पनि मद्दत गर्छ ।

**६. मांसपेशीहरू बलियो बनाउन**

हिँड्दा तपाईंको खुट्टाको मांसपेशी बलियो हुन्छ ।

**७. मानसिक स्पष्टता सुधार गर्न**

बिहानको पैदल यात्राले तपाईँको मानसिक स्पष्टता र दिनभर ध्यान केन्द्रित गर्ने क्षमतालाई सुधार गर्न मद्दत गर्दछ । भर्खरै गरिएको एक अध्ययनले पत्ता लगाएको छ कि वृद्ध र वयस्कहरूमा बिहानको पैदल हिँडाइले आफ्नो संज्ञानात्मक कार्यमा सुधार गर्न मदत गरेको छ ।

हिँड्दा तपाईँलाई थप रचनात्मक सोच्न मद्दत गर्न सक्छ । अनुसन्धानले देखाउँछ कि हिँड्दा विचारहरूको स्वतन्त्र प्रवाह खुल्छ, जसले तपाईंलाई समस्या समाधान गर्न मद्दत गर्न सक्छ ।

**८. राती राम्रोसँग निदाउन**

बिहान हिँड्दा तपाईँलाई राति सजिलोसँग नीद पर्न मदत हुन्छ। २०१७ को एउटा अध्ययनले राती निदाउन कठिनाइ अनुभव गरिरहेका ५५ देखि ६५ वर्षका वृद्ध वयस्कहरूलाई अनुगमन गर्दा बिहान र बेलुका व्यायाम गर्नेहरूले रातमा राम्रो निद्राको गुणस्तर अनुभव गरेको देखाएको थियो ।

**९. दिनभरि स्वस्थ रहने विकल्पहरू बनाउन**

हिँडाईसंगै आफ्नो दिन सुरु गर्नाले दिनभर स्वस्थ रहने विकल्पहरू छनोट गर्नको लागी सेट अप गर्न सजिलो हुन्छ ।

बिहान हिँड्दा तपाईंलाई दिउँसो स्वस्थ खाना र खाजा छनौट गर्न प्रेरित गर्न सक्छ। या दिनभर ऊर्जावान् र आनन्द महसुस गर्न सक्नुहुन्छ ।

**लागु औषधबाट आफु पनि बचौ , अरूलाई पनि बचाऔ ।**

## मनोरञ्जन र खेलकुद समाचार

# फिल्म 'अगस्त्य'ले भ्यालेन्टाइन्स डे नजिकदै जाँदा रोमान्टिक गीत 'मायामा तिम्रै मायामा' सार्वजनिक



काठमाडौं । फागुन १८ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'अगस्त्य'ले भ्यालेन्टाइन्स डे नजिकदै जाँदा रोमान्टिक गीत 'मायामा तिम्रै मायामा' सार्वजनिक गरेको छ ।

गीतमा एसडी योगी र विज्ञानी पराजुलीको स्वर छ । योगीको संगीत रहेको गीतमा सबिन एकतारेको शब्द छ । गीतमा फिल्मका प्रमुख कलाकार सौगात मल्ल, मलिका महत र रविन्द्र झालगायत फिचर्ड छन् ।

सौरभ चौधरीको लेखन तथा निर्देशन रहेको फिल्ममा नाजिर हुसेन, निश्चल बस्नेत, मलिका महत, प्रमोद अग्रहरि, बेन बस्नेत, विजय बराल, रविन्द्र झा, शिशिर वाङ्देल, सिम्रन खड्का, प्रकाश दाहाल, प्रदीप ढकाल, गजेन्द्र त्रिपाठी, सचिन चन्द्रलगायतको अभिनय छ ।

फिल्मको ट्रेलर र गीतले दर्शकलाई कौतुहल तुल्याउने निर्देशक चौधरीले बताए । डार्क हर्स इन्टरटेनमेन्ट र सेभेन सिज इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्ममा प्रकाश मल्ल, अनिश तामाङ, विनोद पौडेल निर्माता, तथा विश्व गौचन, अभिषेक चौधरी कार्यकारी निर्माता छन् ।

यो फिल्म सो मितिमा नेपालसँगै अन्तर्राष्ट्रिय बजारमा प्रदर्शनको तयारी छ । अमेरिका र बेलायतमा व सयदेखि एक हजार शो, क्यानडामा १ सय ५० शो, युरोपका अन्य देशसँगै जापान, कोरिया, हङकङ र थाइल्यान्डमा १ सय ५० शो, अष्ट्रेलिया र न्युजिल्याण्डमा पाँच सय शो र मध्यपूर्वका देशहरुमा ७ सय ५० शोमा रिलिज हुने सेभेन सिजले जनाएको छ ।

# राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता नगरप्रमुख यादव द्वारा उद्घाटन



**अरमान उपाध्याय , माघ २६ ।**

रौतहट । बौधिमाई नगरपालिकाको गुजरामाई खेलमैदानमा बौधिमाई नगर पालिका सरमुज्वाको आयोजनामा राष्ट्रपति रनिंङ सिल्ड प्रतियोगिता २०८० नगरप्रमुख प्रदिप कुमार यादवले शुक्रबार उदघाटन गरेको हो । शिक्षा संयोजक रमेष राय यादवको अध्यक्षतामा सुरु भएको उदघाटन कार्यक्रमको प्रमुख अतिथि नगरप्रमुख यादव रहेका थिए । विशिष्ट अतिथि नगर उपप्रमुख प्रमिला जयस्वाल, अतिथि निमित पमुख प्रशासकिय अधिकृत प्रमोद राय यादव ,लेखा प्रमुख अरबिन्द यादव लगायत वडान.१ देखि ९ सम्मको वडा अध्यक्ष ,बिन्देसवर राय यादव ,रामजोधी राउत र कार्यपालिका सद्स्य सुनिल प्र.जयस्वालको उपस्थिति रहेको थियो । प्रतियोगिता नगरपालिका भित्र रहेको १८ बिद्यालय मध्ये ७ विद्यालय बिच हुने कुरा शिक्षा संयोजक रमेष यादव ले बताए । जसमा मावि ३ र आधारभुत ४ विद्यालय रहेका छन् । ७ विद्यालयबाट जम्मा २५० जना विद्यार्थी खेलाडी सहभागी हुने कुरा संयोजक यादवले बताए । प्रतियोगिता माघ २६ गते देखि माघ २८ गते सम्म हुनेछ । प्रतियोगितामा विजय विद्यार्थी तथा विद्यालयलाई सम्मान र पुरस्कार प्रदान गरिने छ ।






# बजेट सेलिङ्ग मागदा मेयरले धम्क्याउछ वडा अध्यक्ष साह

**राकेश यादव, २६ माघ ।**

**रौतहट ।** रौतहट जिल्लाको मौलापुर नगरपालिकाका नगरप्रमुख रिना कुमारी साहले राजनीतिक रिस साधन गर्ने उदेश्यले २ वटा वडालाइ विकास निर्माणको कार्यमा विभेद गरेको वडा अध्यक्ष श्यामकिशोर साहले बताएका छन् ।



नगरपालिकाले संचालनमा ल्याएको असहाय सँग मेयर कार्यक्रम अन्तर्गत बिबाहको कार्डको आधारमा गरेको सिफारिश माथि नगर प्रमुखले छानबिन नै नगरी म लाइ बदनाम गर्ने उदेश्य आफ्नो गल्ती ढाक छोप गर्न अफवाह फैलाएको आरोप लगाए ।

शुक्रबार वडा कार्यलयमा सन्चारकर्मी संग कुरो गर्दै वडा नम्बर ९ का नेकपा एमाले बाट निर्वाचित भएका वडा अध्यक्ष साहले नगर प्रमुख आफ्नो नजिकको व्यक्तिलाइ वडाको सिफारिश बिना रकम दिने तथा गरिब असहायलाइ सिफारिश गरेर पठाउदा फाइल नै गायब गराई दिने कार्य गर्दै आएको आरोप लगाए ।

वडा अध्यक्ष साहले भने मेयर तानाशाही रुपमा प्रस्तुत हुने गरेको छ, वडाको विकासको लागि बजेट मागदा ज्यान मार्ने धम्कि समेत दिने गरेको उल्लेख गरे । बैठकमा सदा पन्नामा हस्ताक्षर गराएर आफ्नो मनपोली ढंग बाट योजना लेख्ने गरेको बताउदै आवाज उठाउदा धम्कि दिने गरेको सुनाए ।आर्थिक बर्ष २०७९/०८० मा आर्थिक सहयोगको लागि गरेको सिफारिश सहितको फाइल नै गाएब गरिदिएको स्थानीय ठगा साहले बताए । १ बर्ष पहिला नै छोरीको बिबाह गरेको र सहयोगको लागि निबेदन दिएकोमा अहिले सम्म रकम नपाएको गुनासो पोखे ।

वडा नम्बर ८ का स्वतन्त्र बाट निर्वाचित भएका वडा अध्यक्ष शिब प्रसन यादव लाइ समेत उपेक्षित गर्ने मेयर रिना साहले आफ्नो पक्षको सम्पन्न व्यक्तिलाइ सोझै आर्थिक सहयोग दिने गरेको स्थानीयले बताए ।

स्थानीय नरेश यादबले १ बर्ष देखि दौड धुप गरे पनि अहिले सम्म रकम नपाएको बताए । जातियता प्रति बढी ध्यान दिने मेयर साहले पाउनु पर्ने रकम माग्न जादा हपकाएर भगाएको बताए । यस बिषयमा नगर प्रमुख साह संग सम्पर्क गर्न खोज्दा फोन रिसिब नभएको कारण कुरा हुन सकेको छैन ।

# मौलापुर मघानी यज्ञमा नायक पल शाह, सुपरस्टार गोविन्दा र भोजपुरी नायिका निलम गिरि आउने पक्का

**रन्धिर साह ।**

रौतहट । मौलापुरमा हुने मघानी महायज्ञमा चर्चित कलाकारहरु आउने भएका छन । रौतहटको मौलापुर नगर पालिकाको आयोजनामा हुँदै आएको मधानी महायज्ञमा देश बिदेशबाट कलाकारहरु आउने भएका छन् । सो यज्ञमा नेपाली चलचित्रका नायक पल शाह, बलिउडका सुपरस्टार नायक गोविन्दा र भजपुरी नायिका निलम गिरि मघानी महायज्ञमा सहभागी हुने भएका छन् । अगामी फागुन २५ गते शुक्रबारका दिन मौलापुर नगर पालिकाको आयोजनामा मधानी महायज्ञको उद्घाटनका दिन उनीहरु टोलिसहित आउन लागेको मौलापुर नगरपालिकाका प्रमुख प्राशासकीय अधिकृत रामबाबु साहले जनाएको हो । मधेस प्रदेशमा भगवान् शिवको पूजा गर्न मधानीयज्ञको आयोजन गर्ने गरिन्छ । विशेषगरी महाशिवरात्रीको अवसर पारी मौलापुर नगरपालिकाले महायज्ञको रूपमा प्रत्येक वर्ष मनाउँदै आएका छन् । वि.सं.२०७६ सालदेखि मौलापुर नगरपालिकाले प्रत्येक वर्ष मघानी महायज्ञ आयोजन गर्दै आएको छ । यसवर्ष पनि पाँचौंपटक मधानी महायज्ञ आयोजना हुन लागेको हो । जसको तयारी तीव्र रूपमा भइरहेको अधिकृत साहले बताए ।



उनले भने, ‘यस वर्षको मधानी महायज्ञमा फागुन २६ गते कुस्ती प्रतियोगिता (दंगल) हुँदै छ । जसमा ३५ जना कुस्तिबाज सहभागी हुनेछन् ।’विश्व सम्पदा सूचीमा पार्ने उद्देश्यले यस्ता कार्यक्रमहरू आयोजन हुँदै आएको मौलापुर नगरपालिकाकी नगर प्रमुख रिनाकुमारी साहले बताइन् । मौलापुर पुरातात्विक महादेव मन्दिर देशभरिको सय धार्मिक गन्तव्यस्थल मध्ये एक हो ।

यस वर्षको महायज्ञमा पनि नेपाली तथा भारतीय चर्चित भोजपुरी कलाकार हरूको सांस्कृतिक प्रस्तुति रहने उनले बताइन् । मौलापुर पतौरामा रहेको धेरै पुरानो पुरातात्विक महादेव मन्दिर उत्खनन्को क्रममा भेटेको थियो । उक्त महादेव मन्दिरलाई अहिले व्यवस्थित गरी महाशिवरात्रीको अवसर पारेर महायज्ञ आयोजन हुँदै आएको छ ।

# विद्युत चुहावट नियन्त्रण टोली र स्थानीयहरूबीच तनावग्रस्त

**रन्धिर साह ।**

रौतहट । रौतहटको देवाही गोनाही नगरपालिका वडा नम्बर ६ स्थित कर्कचमा विद्युत कर्मचारी र स्थानीयहरु बीच तनावग्रस्त भएको छ । शुक्रबार करिब २:३० बजेको समयमा विद्युत चुहावट नियन्त्रण गर्न पुगेका मौलापुर वितरण केन्द्रका कर्मचारीहरुले स्थानीयहरु घरमा नभएता पनि कर्मचारीहरु चुहावट नियन्त्रण गर्ने उदेश्यले ढोका तोडफोड गरेर घरमा प्रवेश गरि तारा कटाई गरेको थियो भने अर्को एक स्थानीय स्वर्गीय पनिलाल दासको घरमा त्यस्तै प्रवेश गरि विद्युत कटाई गरि महिला माथी हातपात गरेको भन्दै स्थानीयहरु आक्रोशित भइ विद्युतको गाडी तोडफोड गर्न सुरु गरेको एक स्थानीयले बताए ।



यस्तै कर्मचारीहरुले विद्युत चुहावट गरि रहेको एक तारालाई तान्ने क्रममा ट्रास्मिटरबाट आगोको लुतो समेत आउँदा स्थानीयहरुले कर्मचारीको गाडीलाई नियन्त्रणमा लिइ क्षतिपूर्तिको माग गरिराखेका छन् ।

करिब १ घन्टासम्म तनावग्रस्त भएको सो स्थानमा अहिले ईलाका प्रहरी कार्यालय गोनाही र शस्त्र प्रहरी बल समेत घटना स्थलमा पुगेका छन् ।

# कालिगण्डकी को शिला शिव भगवानको मुर्ती बनाउन रौतहट ल्याइदै

**रौतहट** २६ माघ ।पर्वतको जलजला गाउँपालिका-३ जुगेधारास्थित कालीगण्डकी नदी किनारबाट शिला रौतहट ल्याउने काम शुरु भएको छ । गढीमाई नगरपालिका-७ धरमपुर ल्याउनको लागि शिला को पुजा सम्पन्न भएको छ ।



गत बुधबार विशेष पुजाआजा गरी ट्रकमा राखेर सो शिला रौतहट तर्फ ल्याइदै छ ।

सो शिला वाट भगवान् शिवको मूर्ति बनाइने बताइएको छ ।

कालिगण्डकी नदि बाट शिला ल्याइ मुर्ति बनाएर धर्मपुर स्थित शिव मन्दिरमा स्थापना गर्ने निर्णय भएको गढीमाइ नपाका एक कार्यपालिका सदस्यले जानकारी दिएका छन ।

## अन्तर्राष्ट्रिय समाचार

# शान्तिका लागि एकजुट हुन संयुक्त राष्ट्रसंघको आह्वान

**संयुक्त राष्ट्रसङ्घ, (रासस/सिन्ह्वा)** ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले बिहीबार शान्तिका लागि एकजुट हुन आह्वान गर्नुभएको छ । सन् २०२४ को प्राथमिकताबारे न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले न्यायपूर्ण र दिगो शान्ति कायम गर्न संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानून अनुरूप शान्तिका लागि काम गर्नु आवश्यक रहेको बताउनुभएको हो ।



एकीकरण लामो र विस्तृत एजेन्डा भएको बताउदै उहाँले विभिन्न चुनौतीहरू साझा सूत्रद्वारा जोडिएको, आयामहरूमा शान्तिको आवश्यकता भएकोले शान्ति एकिकरणको बन्धन भएको बताउनुभएको छ ।

युगौं पुरानो आणविक खतरा, जलवायु आपतकाल, र कृत्रिम बौद्धिकताको अनियन्त्रित चुनौतीहरूको बिचमा एकताबद्ध र सङ्गठित प्रतिक्रियाको आवश्यकता रहेको पनि उहाँले बताउनुभयो ।

कृतिम बौद्धिकताबाट उत्पन्न खतरालाई सम्बोधन गर्न, जलवायु परिवर्तन नियन्त्रण गर्न तथा दिगो विकास लक्ष्यहरू प्राप्त गर्न, अगाडि बढ्ने बाटो चुनौतीपूर्ण भए पनि स्पष्ट रहेको उहाँको धारणा थियो ।

डरलाग्दा चुनौतिका बिचमा जटिल बाटो छिचोल्दै शान्ति र एकताको आह्वान संयुक्त राष्ट्रसङ्घ भित्र तथा बाहिर गहन आवश्यकता रहेको उहाँले बताउनुभयो ।




